## परिचय :

नारायणी मेमोरियल फाउण्डेशन (NAME Foundation) संस्था दर्ता ऐन, २०३४ बमोजिम सामाजिक, शैक्षिक, साहित्यिक एवम् स्वास्थ्य क्षेत्रमा सहयोग गरी तिनको विकासमा योगदान पुऱ्याउने र मानव अधिकार, महिला तथा बाल अधिकारको संरक्षण गर्दै सामुदायिक अभियानमा अग्रणी भूमिका निर्वाह गर्ने अभिष्टका साथ जिल्ला प्रशासन कार्यालय, झापा र समाज कल्याण परिषदमा दर्ता भई स्थापित गैरनाफामुलक जनहितकारी परोपकारी सामाजिक संस्था हो ।

## संस्थाको उद्धेश्य तथा कार्यहरु :

(क) असहाय, अनाथ, अशक्त, बाबु आमाबाट परित्याक्त एवम् न्युन आयस्रोत भएका बालबालिकाहरूको लागि आधारभूत एवम् माध्यमिक स्तरको शैक्षिक छात्रवृत्ति प्रदन गर्ने ।

(ख) ज्येष्ठ असहाय आश्रीत आमाहरुलाई सहयोग एवम् सम्मान गर्ने ।

(ग) सरकारी एवम् गैर सरकारी संस्थाहरुको सहयोगमा विभिन्न स्वास्थ्य शिक्षा तालीम एवम् घुम्ती स्वास्थ्य सेवा सुविधा प्रदान गर्ने ।

(घ) समाजसेवी दाताहरुबाट आफ्ना नाममा वा पूर्वजहरुको सम्मान र सम्झनामा छात्रवृत्ति एवम् अन्य सामाजिक कार्य सञ्चालनका लागि प्राप्त रकमको अक्षय कोष स्थापना गरी दाताको इच्छामा पूर्वजहरुका नाममा छुट्टै शैक्षिक छात्रवृत्ति एवम् अन्य सामाजिक कार्यक्रमहरु सञ्चालन गर्न प्राप्त अक्षयकोष ग्रहण गर्ने र संस्थाको विधानको अधिनमा रही सो को सञ्चालन एवम् व्यवस्थापन गर्ने ।

(ङ) महिला अधिकार र बाल अधिकारका बारेमा वकालत गर्दै उनीहरुका अधिकारको संरक्षण गर्न मद्दत पुग्ने प्रकृतीका कार्यक्रम र अभियानहरू सञ्चालन गर्ने ।

(च) आर्थिक, सामाजिक, जातीय विभेदमा परेका व्यक्तिहरू तथा वृद्ध वृद्धाको सहयोगका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

(छ) भाषा, साहित्य, धर्म संस्कृतिको विकास एवम् संरक्षण गर्दै सो का लागि उल्लेख्य योगदान पुऱ्याउने श्रष्टा, सर्जक तथा पूर्वजहरूको पहिचान गरी उहाँहरूलाई सम्मान र पुरस्कृत गर्ने र समसामयिक विषयमा गोष्ठी, अन्तर्क्रया कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ज) स्थानीय समुदायको धार्मीक, सांस्कृतिक एवम् सांगितीक तथा मनोरञ्जनात्मक कार्यक्रममा सहयोग पुऱ्याउने ।

(झ) संस्थाको कार्यक्रम एवम् गतिविधी झल्कने पुस्तक एवम् स्मारीकाहरु प्रकाशन गर्ने ।

(ञ) संस्थाको उद्देश्य सँग सम्बन्धित सामाजिक विषयका अन्य विविध सेवामूलक कार्यहरू गर्ने ।

## संस्थाको सदस्यता प्राप्ती:

(क) साधारण सदस्यः संस्थाको विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले प्रवेश शुल्क वापत रु.५००/- र वार्षिक शुल्क बापत रु.५००/- बुझाई साधारण सदस्यता प्राप्त गर्न सक्नेछन् । त्यस्ता साधारण सदस्यले बार्षिक नवीकरण शुल्क रु.२००/- बुझाउनु पर्नेछ । यसरी सदस्यता प्राप्त गर्ने सदस्यहरू संस्थाको साधारण सदस्य हुनेछन् ।

(ख) संस्थापक सदस्यः संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारी तथा रु १००,००१/- (अक्षरुपी एक लाख एक) भन्दा बढि रकम प्रदान गर्ने सदस्यहरू संस्थाको संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरूले स्वतः साधारण सदस्यता प्राप्त गर्न सक्नेछन् ।

(ग) आजीवन सदस्यः संस्थाको विकासको लागि विशेष सहयोग पुर्याउने र तोकिएको प्रक्रिया पूरा गरी संस्थालाई एकमुष्ठ रू ५,०००/- (अक्षरुपी पाँच हजार) वा सो भन्दा बढि रकम प्रदान गर्ने व्यक्तिहरूलाई संस्थाले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

## छात्रवृत्ति छनौटका आधार:

छात्रवृत्ति प्रदान गर्ने विद्यार्थीहरूको छनौटका लागि सिफारीश गर्दा छात्रवृत्ति समितिले देहायका आधारहरुलाई अवलम्बन गरि प्राथमिकताक्रममा सूचिकृत गर्नेछ :

क) छानिएको विद्यार्थी सामुदायिक विद्यालयमा कक्षा ७ देखि १२ सम्ममा अध्ययनरत हुनुपर्ने ।

ख) सम्भव भएसम्म न्युन आर्थिक स्रोत भएका आमा बुवा दुबै वा आमा वा बुवा गुमाएका असहाय, अनाथ, अशक्त विद्यार्थी हुनुपर्ने ।

ग) आमा वा बुवा भएपनि आमा बुवाबाट परित्याक्त (Deprived from Parents) विद्यार्थीलाई प्राथमिकता दिइने ।

घ) संरक्षक एवं अभिभावकको अन्य आयस्रोत भए नभएको यकिन गरी अभिभावक एवं संरक्षकको आर्थिक स्रोतलाई समेत आधार बनाइने ।

ङ) विद्यार्थी मेधावी र पढाइमा रुचि भएको यकिन गरिने ।

च) न्युन आर्थिक स्रोत भएका सिमान्तकृत, पिछडिएका एवं दलित समुदायका आमा वा बाबु गुमाएका मेधावी विद्यार्थीलाई प्राथमिकता दिइने ।

## छात्रवृत्ति प्रदान गर्ने प्रक्रिया:

क) छात्रवृत्ति समितिले सूचिकृत नामावली मध्येबाट संस्थाले निर्धारण गरेको संख्याको अधिनमा रही छात्रवृत्तिका लागि उपयुक्त विद्यार्थीहरुको नाम कार्यसमिति समक्ष सिफारीश गर्नेछ ।

ख) छात्रवृत्ति समितिले सिफारीश गरेको सूचिलाई आधार मानी कार्यसमितिले छात्रवृत्तिको अन्तिम सूचि प्रकाशन गरी सम्बन्धित अभिभावक एवम् विद्यालयलाई सूचित गर्नेछ ।

ग) कार्यसमितिले निर्धारण गरेको वार्षिक छात्रवृत्तिको रकम विद्यार्थीको शैक्षिकसत्र सुरु भएको समयमा ६०% र ६ महिनापछि बाँकी ४०% प्रदान गरिनेछ । यसरी प्रदान गरिने रकम सम्भव भएसम्म सम्बन्धित विद्यालयका प्रधानाध्यापक वा कक्षा शिक्षकको रोहवरमा निजको आमा/बाबु, संरक्षक वा अभिभावकलाई प्रदान गरिनेछ ।

घ) छात्रवृत्ति प्रदान गरिने विद्यार्थीहरुलाई समय-समयमा छात्रवृत्ति समिति वा कार्यसमितिले तोकेको छात्रवृत्ति समितिका सदस्यले विद्यार्थीको पढाईको अवस्थाबारे अभिभावक एवं विद्यालयसँग सूचना लिन सक्नेछ ।

## संस्थाद्वारा प्रकाशित स्मृती ग्रन्थहरु:

क) 'स्मृतिका पानामा स्व. देवी प्रसाद पाठक', २०७८ ।

ख) 'अनन्त स्मृतिमा नारायणी', २०७९ ।

ग) 'अनन्त स्मृतिमा अमर आत्माहरु', २०७९ (जसमा ३२ जना संस्थापक सदस्यहरुका पूर्वज एवम् प्रियजनका जीवनगाथा समेटिएको छ) ।

## अन्य सामाजिक गतिविधीहरु:

क) पुकार अपाङ्ग अशक्त समाज झापा सुरुङ्गा कोटीहोमका अशक्त बाल बालिकाको लागि खाद्यन्न सामग्री वितरण ।

ख) Real Dream Home पनौती स्थित दृष्टिविहीनहरुलाई खाद्य सामाग्री वितरण ।

ग) कीर्तिपुर स्थित Baby Life Home विद्यालयका HIV AIDS संक्रमित विद्यार्थीहरुलाई खाद्य सामाग्री वितरण ।

घ) साहित्य संगम, आठराई, तेह्रथुमसँग विद्यालयस्तरिय साहित्यीक तथा अन्य कार्यक्रम सञ्चालन गर्न ५ वर्षे सम्झौता ।

ङ) संस्थाका पदाधिकारी एवम् छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी एवम् अभिभावकबीच अर्न्तक्रिया कार्यक्रम ।

## शैक्षिक सत्र २०७९ मा छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरु

***झापा जिल्ला***

| सि. नं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम |
|---|---|---|---|
| १. | भुपिन्ता थापा मगर | ७ | श्री भृकुटी आ.वि., झापा गा.पा.-६, भृकुटीचौक |
| २. | विशाल मैनाली | ७ | श्री जनचेतना आधारभूत वि., कनकाई न.पा.-४ |
| ३. | रसना विष्ट | ७ | श्री सिंहदेवी आ.वि., टेक्रा, झापा |
| ४. | अर्पण पाण्डे | ७ | श्री जानकी आ. वि. कनकाई न.पा.- |

| | | | |
|---|---|---|---|
| | | | २, सुकेडाँगी |
| ५. | भावना कडरिया | ८ | श्री भगवती आ.वि. कनकाई न.पा.-५ |
| ६. | पुर्णिमा भुर्तेल | ७ | श्री कनकाई मा.वि., सुरुङ्गा, झापा |
| ७. | सलिना पाठक | ५ | श्री कनकाई मा.वि., सुरुङ्गा, झापा |
| ८. | शिला हेमरम | ७ | श्री लालपानी मा.वि. शिवसताक्षी -७ |
| ९. | समीर किस्कु | ११ | श्री महेन्द्ररत्न मा.वि. अनारमुनी |
| १० | कृष्ण पौडेल | ९ | श्री दुर्गा मा.वि. गरामुनी झापा |
| ११ | इन्दिरा अधिकारी | ७ | श्री सरस्वती मा.वि., कनकाई न.पा.-२, जमुनावारी |
| १२ | अनवेश श्रेष्ठ | ७ | श्री भृकुटी मा.वि., कनकाई न.पा.-७, दुर्गापुर, झापा |
| १३ | विश्वेश्वर राजवंशी | ८ | श्री रामनगर आ.वि., बाहृदशी-३, राजगढ |
| १४ | रित्तिका चोधरी | ९ | श्री राष्ट्रिय रमणीय आदर्श मा.वि., शिवसताक्षी न.पा.-९, दुधे |
| १५ | लोला तामाङ्ग | ७ | श्री भृकुटी आ.वि., झापा गा.पा.-६ |

**तेह्रथुम जिल्ला**

| सि. नं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम |
|---|---|---|---|
| १. | अनिसा राई | ८ | श्री सरस्वती आ.वि. आठराई |
| २. | सुमित्रा राई | ८ | श्री सरस्वती आ.वि. आठराई |
| ३. | नरमाया मगर | ८ | श्री भानु आधारभूत विद्यालय, इवा, भदौरे |
| ४. | निरुता संयोक | ९ | श्री रन्दल आ.वि.,आठराई-४ |
| ५. | डिक ब. कालिकोटे | १० | श्री प्रणामी मा.वि., आठराई-४, ईवा |
| ६. | प्रविन मगर | ७ | श्री प्रणामी मा.वि., आठराई-४, ईवा |
| ७. | सन्दिप उप्रेती | ७ | श्री पोखरी मा.वि. आठराइ-५ |
| ८. | जेनिसा खरेल | ७ | श्री पोखरी मा.वि. आठराई - ५ |
| ९. | सनम सिवा | ११ | श्री पोखरी मा.वि. आठराई - ५ |
| १० | विक्रम खपाङ्गी मगर | ७ | श्री जनता आधारभूत विद्यालय, बरबोटे |

**शैक्षिक सत्र २०८० मा छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरु**

***झापा जिल्ला***

| सि. नं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम |
|---|---|---|---|
| १. | सलमा खातुन | ९ | श्री डिल्लीराज मा.वि., झापा गा.पा.-४ |
| २. | पर्वतसिंह ठकुरी | ११ | श्री जनआदर्श मा.वि., शिवसताक्षी-६ |
| ३. | देविका हेमरन | ६ | श्री सरस्वती मा.वि., कनकाई न.पा.-२ |
| ४. | विकास गौतम | १० | श्री आदर्श मा.वि., मेचीनगर-८ |

| | | | |
|---|---|---|---|
| ५. | रितीका ओझा | ६ | श्री चम्पापुर मा.वि., कनकाई-६ |
| ६. | स्मारिका भण्डारी | ६ | श्री सरस्वती मा.वि., कमल गा.पा.-७, बाहुघरे |
| ७. | प्रेम वि.क. | ९ | श्री बुद्धआदर्श मा.वि., बुद्धशान्ति-१, बुधबारे |
| ८. | अर्जुन विश्वकर्मा | ७ | श्री महेन्द्र ज्योती मा.वि., विर्तामोड-१०, सैनीक बजार |
| ९. | अविनाश कार्की | ४ | श्री देवकोटा प्रा.वि.कनकाई-५, तुलसीबारी |
| १० | कल्पना बराइली | १० | श्री जनता मा.वि., झापा गा.पा.-६ |
| ११ | अनिसा वि.क. | ६ | श्री भगवती आ.वि., कनकाई न.पा.-५ |
| १२ | अञ्जु थापा | ६ | श्री कन्काई मा.वि., कनकाई न.पा.-३ |
| १३ | प्रितम गुरुङ्ग | ६ | श्री कन्काई मा.वि., कनकाई न.पा.-३ |
| १४ | साहिल दनुवार | ८ | श्री भृकुटी मा.वि., कनकाई न.पा.- ७, |
| १५ | रिकिसा लिम्बु | ९ | श्री पञ्चरत्न मा.वि., चारपाने, चैतुवाडी |

**तेह्रथुम जिल्ला**

| सि. नं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम |
|---|---|---|---|
| १. | सनी राई | ९ | श्री पोखरी मा.वि. आठराई गा.पा.-५ |
| २. | भूमिका योञ्जन | ९ | श्री पोखरी मा.वि. आठराई गा.पा.-५ |
| ३. | समिर खड्का | ८ | श्री शारदा मा.वि., आठराई गा.पा.-६ |
| ४. | आदर्श फोम्बो | ६ | श्री त्रि-मोहन मा.वि., आठराई गा.पा.-१ |
| ५. | लक्षिमा तामाङ्ग | ७ | श्री नारायण आ.वि., आठराई गा.पा.-५ |
| ६. | मिराज मगर | ७ | श्री भानु आ.वि., आठराई गा.पा.-४ |
| ७. | दिपन कन्दङवा | ५ | श्री भगवती आ.वि., आठराई गा.पा.-६ |
| ८. | योगेश ईङ्नाम | ७ | श्री रन्दल आ.वि.,आठराई गा.पा.-४ |

**ताप्लेजुङ्ग जिल्ला**

| सि. नं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम |
|---|---|---|---|
| १. | दिलजना लिम्बू | १० | श्री चाँगे मा.वि. आठराई त्रिवेणी गा.पा.-५ |
| २. | कृष लिम्बू | ८ | श्री छातेढुङ्गा मा.वि.,आठराई त्रिवेणी गा.पा.-४ |
| ३. | दिपा गुरुङ्ग | ८ | श्री शान्ति आ.वि. आठराई त्रिवेणी गा.पा.-३, हाङपाङ |

दर्ता नं. ३२४०/०७८/७९
**जिल्ला प्रशासन कार्यालय, झापा**

दर्ता नं. ५४४०८/०७९/८०
**समाज कल्याण परिषद**



नारायणी मेमोरियल फाउण्डेसन

NAME FOUNDATION

**(गैरनाफामुलक, गैरराजनीतिक तथा गैरसरकारी, जनहितकारी, परोपकारी सामाजिक संस्था)**

हाम्रो ठेगाना
कनकाई न. पा. वार्ड नं ४, इलुवाबारी, झापा
फोन नं. : ०२३-५५२१६६
मोबाइलः अध्यक्ष-९८४१२१५०४१, सचिव-९८५१०९६३४३, कोषाध्यक्ष-९८४२६३४११६
इमेलः namefoundation.org@gmail.com
वेवसाइटः namefoundationnepal.org